# दोर्दी गाउँपालिका
DORDI RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नौथर, लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


visit Nepal 2020 Lifetime Experiences

गाउँ कार्यपालिकाको कार्यालय, दोर्दी गाउँपालिका, नौथर, लमजुङ, गण्डकी प्रदेश, नेपाल, २०७३

पत्र संख्या Ref. No.:- २०७६।०७७

चलानी नं. Dispatch No.:- १०१६

मिति: २०७६।१२।२५

# विज्ञप्ति

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना (COVID-19) भाइरसले विश्वभरि नै सन्त्रासको स्थिति बनाएको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार नेपाल पनि कोरोनाको उच्च जोखिममा रहेको छ । यसैले अव हामी सवै एकजुट भएर कोरोना भाइरस संग लड्न प्रतिरोधात्मक क्षमता वृद्धि गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकाले पनि कोरोनाको बारेमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यस कार्यलाई प्रभावहकारी बनाउन हेल्थ डेक्सको स्थापना गरी स्वास्थ्य कर्मी कर्मचारीहरुलाई आ आफ्नो क्षेत्रमा परिचालन गरिइएको छ ।

कोरोनाबाट बच्नका लागि सरसफाईमा विशेष ध्यान पु-याउन, सावुन पानीले पटक पटक हात धुने, भीडभाडबाट टाढा रहने १५ जना भन्दा बढी एकै ठाउँमा भेला नहुने, सकेसम्म घरमा बस्ने, तथ्याहिन हल्ला र आवाहबाट भ्रमित नहुने, स्वास्थ्य कर्मीको सल्लाह पालन गर्ने, धैर्यवान र संयम रहने, अधिकतम सावाधानी अपनाउने र अनावश्यक रुपमा भयमित नहुने कुरामा आग्राह गर्दछु ।

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली ज्यूको मिति २०७६।१२।२५ गते राष्ट्रको नाममा गर्नु भएको सम्बोधन अनुसार मिति २०७७ वैशाष ३ गतेसम्म लकडाउन घोषणा कार्य अवधि थप भएको हुनाले यस गाउँपालिकाबाट प्रभाव हुने अत्य आवश्यक कार्य बाहेका सम्पूर्ण सेवाहरु बन्द भएको कुरा यसै गाउँपालिकाका सम्पूर्ण सेवाग्राहीहरुलाई सु-सुचित गराउँदै अन्य कार्यमा यस गाउँपालिको कार्यालय,वडा कार्यालयहरु र गाउँपालिका मातहातका अन्य कार्यालयहरुमा उपस्थित नभई दिनु हुन अनुरोध छ । साथै आ आफ्नो घरमा बसि कोरोनाको प्रतिरोधात्मक तरीकाहरु अपनाइ सुरक्षित भई वस्नु हुन र केहि स्वास्थ्य समास्या आएमा नजिकैको स्वास्थ्य संस्थामा गई चेकजाँच गर्नु हुन अनुरोध गर्दछु । यस विषम परिस्थितमा सर्तकता र दृडताका साथ लाग्न सम्पूर्ण जनप्रतिनिधि, सामाजिक अभियान्त, शिक्षक, कर्मचारी एवंम गाउँबासीहरुलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।

ओम बहादुर गुरुङ
अध्यक्ष

ओम बहादुर गुरुङ